नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मिति : २०८०/११/१७

## प्रेस विज्ञप्ति

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) को दस्तावेज मस्यौदा कमिटीको बैठक २०८० फागुन १५, १६ र १७ गते पार्टीका अध्यक्ष तथा मस्यौदा कमिटीका संयोजक कमरेड माधवकुमार नेपालको अध्यक्षतामा बस्यो । २०८१ जेष्ठ ३ गते देखि ७ गतेसम्म काठमाडौंमा आयोजना हुने यस पार्टीको दशौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेजका मुख्य विषयहरुमा बैठकमा विस्तृत छलफल भयो । बैठकमा नेपाली समाज र राजनीतिक विकासको अवस्था, अन्तर्राष्ट्रिय परिस्थिति, नेपाली समाजको अन्तर्विरोध, नेपालको समाजवादी रुपान्तरणका अवस्था र दिशा, नयाँ जनवाद, जनताको बहुदलीय जनवादलगायत जनवादी क्रान्ति कालका सैद्धान्तिक उपलब्धीहरुको समीक्षा, समाजवादी कार्यक्रमका ढाँचा, सङ्गठनात्मक प्रस्ताव र पार्टी विधानजस्ता विषयमा गहन र खुला विमर्श भयो । यसबीचमा भएका कतिपय अडकल र प्रचारका विपरित ती सबै विषयमा मूलभूतरुपमा बैठक सर्वसम्मतिमा पुगेको छ । समाजवादका लागि नयाँ कार्यक्रमका साथ अगाडि बढ्ने पार्टीको यो सङ्कल्पले अहिलेको विभाजित कम्युनिष्ट आन्दोलनमा दूरगामी प्रभाव पार्नेछ भन्ने कुरामा पार्टी विश्वस्त छ । र, यसले हाम्रो पार्टी पङ्तिलाई नयाँ आशा र विश्वासका साथ अगाडि बढ्न नयाँ उत्साह बृद्धि गर्नेछ । विभिन्न दस्तावेजको मस्यौदा लेखनको संयोजनका लागि निम्नानुसार कार्यविभाजन गरिएको छ :

(१) राजनीतिक प्रतिवेदन - अध्यक्ष कमरेड माधवकुमार नेपाल
(२) समाजवादी कार्यक्रम - सम्मानित नेता कमरेड झलनाथ खनाल
(३) पार्टी विधान - उपाध्यक्ष डा. बेदुराम भुसाल
(४) सङ्गठनात्मक प्रस्ताव - महासचिव क. घनश्याम भूसाल

दस्तावेजको मस्यौदा लेखनको संयोजन गर्ने कमरेडहरूले आवश्यकता अनुसार दस्तावेज मस्यौदा कमिटीमा रहनुभएका कमरेडहरुसँग छलफल गरी थप कार्यविभाजन गर्नु हुने छ । सबै दस्तावेजहरुको मस्यौदामाथि छलफल गर्नका लागि यही २०८० फागुन २७ गते बैठक बस्ने छ । गहन राजनीतिक विषयमा सर्वसम्मति भएकोमा बैठकमा उपस्थित सबैलाई धन्यवाद दिँदै अध्यक्षले बैठकको समापन गर्नु भएको छ ।

घनश्याम भूसाल
महासचिव